# नङ विशेषता भेन्टिलेशन
# निरीक्षणपछि महत्त्वपूर्ण सुझाव र जानकारी

NEW YORK STATE | इजाजतपत्र सेवाको विभाजन

विभागले तपाईंको नेल सलोनलाई नयाँ नियमहरूको अनुपालनमा ल्याउन धेरै महिना लाग्न सक्छ भन्ने कुरा पहिचान गर्दछ र विभागले सुनुवाईबाट बच्न तपाईंसँग काम गर्न सक्छ।

**राज्य विभागलाई सम्पर्क गर्नुहोस्**

तपाईंसँग नयाँ भेन्टिलेसन आवश्यकताहरू वा तपाईंको व्यवसायलाई कसरी अनुपालनमा ल्याउनेसम्बन्धी कुनै प्रश्न छन् भने, कृपया राज्य विभागलाई *518-474-4429* मा सम्पर्क गर्नुहोस्। थप जानकारी र स्रोतहरू हाम्रो वेबसाइट (www.dos.ny.gov) मा फेला पार्न सकिन्छ।

यस कागजातले सलोन मालिकहरूलाई नयाँ भेन्टिलेसन आवश्यकताहरू र राज्य विभाग ("Department of State, DOS") अन्वेषकद्वारा निरीक्षण गरेमा के गर्ने भनेर बुझ्न मद्दत गर्ने छ। DOS व्यवसायहरूसँग काम गर्न प्रतिबद्ध छ र तपाईंका प्रश्नहरूको जवाफ

## मैले कहिले नयाँ आवश्यकताहरू पूरा गर्न आवश्यक हुन्छ?

दिन उपलब्ध छ।

तपाईंको व्यवसायलाई **अक्टोबर 3, 2016 *अघि* इजाजतपत्र दिइएको** थियो भने, तपाईंले **अक्टोबर 3, 2021** सम्ममा नयाँ भेन्टिलेसन आवश्यकताहरूको पालना गर्नु पर्ने छैन। तपाईंको व्यवसायलाई **अक्टोबर 3, 2016 *मा वा त्यसपछि*** इजाजतपत्र दिइएको थियो भने, तपाईंले आफ्नो व्यवसाय खोल्दा नयाँ आवश्यकताहरू पूरा गर्ने भेन्टिलेसन प्रणाली स्थापना गर्नु पर्ने छ।

## निरीक्षण

DOS ले नियमित रूपमा व्यवसायहरूको निरीक्षण गर्दछ। तपाईंलाई एक DOS अन्वेषकद्वारा निरीक्षण गरिएको छ र तपाईंको व्यवसायलाई **अक्टोबर 3, 2016 *पछि* इजाजतपत्र दिइएको** थियो भने, तपाईंलाई निम्न उत्पादन गर्न अनुरोध गरिने छ:

- तपाईंको व्यवसायले नयाँ भेन्टिलेसन आवश्यकताहरू पूरा गरेको देखाउने भेन्टिलेसन पेशेवरबाट **हस्ताक्षर गरिएको प्रमाणीकरण**।

प्रमाणीकरण DOS को निम्न वेबसाइटमा उपलब्ध छ:
https://dos.ny.gov/additional-information-nail-salons नयाँ भेन्टिलेसन आवश्यकताहरूका बारेमा थप जानकारी हाम्रो निम्न वेबसाइटमा उपलब्ध भएको हाम्रो "व्यवसाय अनरहरूको कसरी भेन्टिलेसनको लागि मार्गदर्शन गर्ने" मा पनि उपलब्ध छ:
https://dos.ny.gov/additional-information-nail-salons

तपाईंको व्यवसायको निरीक्षण गरिएको छ र त्यहाँ उल्लङ्घनहरू छन् भने, तपाईंले उल्लङ्घनहरूबारे व्याख्या गर्ने र तपाईंलाई सुनुवाईका लागि मिति प्रदान गर्ने लिखित सामग्रीहरू प्राप्त गर्नु हुने छ। उल्लङ्घन नयाँ भेन्टिलेसन नियमहरूसँग सम्बन्धित छ भने, तपाईंले कस्ता नियमहरू आवश्यक छन् र तिनीहरूको पालना कसरी गर्ने भन्नेबारे जानकारी पनि प्राप्त गर्नु हुने छ। अधिकांश मामिलाहरूमा, व्यवसायले उल्लङ्घनको सूचना प्राप्त गरेपनि, उल्लङ्घनहरू सुधार गरेर सुनुवाईविना समस्याहरू समाधान गर्न सकिन्छ।

## सनवार्डअघि म के गर्न सक्छ?

निरीक्षणको क्रममा जारी गरिएका उल्लङ्घनहरूलाई सच्याएर र DOS सँग सम्झौतामा पुगेर ***धेरैजसो उल्लङ्घनहरू सुनुवाई नगरी समाधान गरिन्छ*** भन्ने कुरा याद राख्नु महत्त्वपूर्ण छ। तपाईंको व्यवसायलाई भेन्टिलेसन उल्लङ्घनका साथ टिकट गरिएको छ भने तपाईंले निम्न कुराहरू गर्नुपर्छ:

- हाम्रो वेबसाइटमा उपलब्ध DOS "व्यवसाय अनरहरूको कसरी भेन्टिलेसनको लागि मार्गदर्शन गर्ने" समीक्षा गर्नुहोस्;
- आफ्नो भाडाको समीक्षा गर्न र आफ्नो घर मालिकसँग भेन्टिलेसन आवश्यकताहरूबारे छलफल गर्न;
- अन्तर्वार्ता गर्न र अनुपालनमा आउनेबारे विभिन्न पेशेवरहरूबाट अनुमानहरू प्राप्त गर्न;
- तपाईंको व्यवसायका आवश्यकताहरू पूरा गर्ने प्रणाली स्थापना गर्ने पेशेवर चयन गर्न;
- भेन्टिलेसनका आवश्यकताहरू अनुपालना गर्ने भेन्टिलेसन प्रणाली स्थापना गर्न।

## म अनुपालनमा आएपछि म के गर्न सक्छु?

DOS निरीक्षण पछि, तपाईंले भेन्टिलेसन आवश्यकताहरू पूरा गर्ने भेन्टिलेसन प्रणाली स्थापना गर्नुभयो भने, तपाईंले DOS लाई (518) 473-2728 मा सम्पर्क गर्नुपर्छ। तपाईंले टिकट प्राप्त गर्नुभयो तर अहिले भेन्टिलेसन प्रणाली स्थापना गर्नुभएको छ र DOS सँग सम्झौता गर्न चाहनुहुन्छ भनी उल्लेख गर्नुहोस्। तपाईंले कसैलाई काममा राख्नुभयो र अनुपालनमा ल्याउन प्रयास गर्दै हुनुहुन्छ भने, DOS ले सुनुवाईबाट बच्न तपाईंको व्यवसायसँग काम गर्न सक्छ।

## म सुनुवाईभन्दा अगाडि अनुपालनमा जान नसकेमा के हुन्छ?

निरीक्षणपछि, तर सुनुवाईअघि, DOS ले तपाईं नयाँ नियमहरूको पालना गर्न प्रयास गरिरहनुभएको छ भन्ने कुरा पत्ता लगाउने छ। तपाईंले पालना गर्ने प्रयास गरिरहनुभएको हुन सक्छ तर यतिमा मात्र सीमित छैनन् भनेर DOS लाई देखाउने कुराहरू:

- पेशेवरसँग सम्झौता;
- तपाईंले अहिलेसम्म कसैलाई काममा राख्नुभएको छैन भने, पेशेवरहरूबाट पाउनुपर्ने विभिन्न लिखित अनुमानहरू;
- निर्माण सामग्रीका लागि रसिदहरू;
- तपाईंको स्थानीय भवन प्राधिकरणद्वारा आवश्यक भएमा, निर्माण अनुमति आवेदनहरू;
- डिजाइन पेशेवरबाट पाउनुपर्ने ड्राफ्ट ब्लूप्रिन्ट्स।

***तपाईंसँग यस्ता प्रकारका कागजातहरू छन् भने, तपाईंले DOS लाई (518) 473-2728 मा सम्पर्क गर्नुपर्छ र DOS ले सुनुवाई रोक्नका लागि तपाईंसँग काम गर्न सक्छ।***

## सम्झनुपर्ने महत्त्वपूर्ण सुझावहरू

- DOS तपाईंको प्रश्नहरूको जवाफ दिन तयार छ। तपाईंलाई भेन्टिलेसन आवश्यकताहरूका बारेमा थप जानकारी चाहिन्छ भने, हाम्रो हेल्पलाइनलाई (518) 474-4429 मा सम्पर्क गर्नुहोस्।
- तपाईंलाई मद्दत गर्नका लागि सही पेशेवर नियुक्त गर्न अत्यन्त महत्त्वपूर्ण छ। के आवश्यक छ भन्ने कुरा बुझ्ने र तपाईंलाई आवश्यक सेवाहरू प्रदान गर्न सक्ने पेशेवरलाई नियुक्त गर्न निश्चित हुनुहोस्। फ्यान र एयर प्युरिफायरहरू नियममा नपर्ने हुनाले पेशेवरहरूले तपाईंलाई तिनीहरू किन्न सल्लाह दिनुहुँदैन।
- भेन्टिलेसन प्रणालीहरू डिजाइन र लागत अनुसार भिन्न हुन्छन्। तपाईंले आफ्नो बजेटभित्र रहेको र तपाईंको व्यवसायको लागि उत्तम काम गर्ने एउटा प्रणाली खरिद गर्नुपर्छ। प्रत्येक सलोनले एउटै प्रणालीहरू खरिद गर्नुपर्छ भन्ने छैन र काम पूरा भएपछि सबै सलोन समान देखिदैन।
- तपाईंको हालको भेन्टिलेसन प्रणालीको आधारमा, यसलाई अनुपालन गर्न महिनौँ लाग्न सक्छ त्यसैले तपाईंले यस कागजातमा भएका सुझावहरूलाई सकेसम्म चाँडो पालना गर्नुपर्छ भन्ने कुरा याद राख्नु महत्त्वपूर्ण छ।